www.aayogtayarinepal.com

Monthly e-Book

# आयोग तयारी समसामयिक

## २०८१ जेठ संस्करण



✍ *विष्णु प्रसाद गौतम*

*आर्थिक सर्वेक्षण २०८०/८१ लाई छुट्टै फाइलमा समाबेश गरिएको छ , Download गर्न Current Affairs PDF सेक्सनमा जानुहोला*

*पुरानो समसामयिक हेर्न / Download गर्न यहाँ क्लिक गर्नुहोस*


राष्ट्रिय समसामयिक ........ 3

- ❖ फोर्ब्सको ३० बर्ष मुनिको प्रभावशाली युवाको सुचिमा नेपालका दुइ युवा ........ 3
- ❖ नेपालमा पहिलो पटक भेटियो फुस्रो सारौं ........ 3
- ❖ प्रधानमन्त्रीद्वारा चौथो पटक विश्वासको मत प्राप्त ........ 4
- ❖ जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय संवाद कार्यक्रम सम्पन्न ........ 4
- ❖ राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना ........ 4
- ❖ कामीरिता शेर्पा ३० औं पटक सगरमाथाको सफल आरोहण ........ 5
- ❖ बार्षिक बजेट २०८१/८२ (सारांश) ........ 5
- ❖ महालेखा परीक्षक कार्यालयको ६१ औं प्रतिवेदन सार्वजनिक ........ 8
- ❖ अरुण ३ जलविद्युत आयोजनाको सुरुङ ब्रेक थ्रु ........ 9
- ❖ मधेश प्रदेशको मुख्यमन्त्रीमा सतिशकुमार सिंह नियुक्त ........ 9
- ❖ बेरोजगारी दर १२.६% पुग्यो ........ 9

अन्तराष्ट्रिय समसामयिक ........ 10

- ❖ राष्ट्रसंघीय समिति महिलाविरुद्धको विभेद उन्मूलन कमिटीमा नेपाल सदस्यमा निर्वाचित ........ 10
- ❖ आईएलओ 'गभर्निङ बडी'मा नेपाल निर्वाचित ........ 10
- ❖ सिंगापुरमा लरेन्स वोङ बने प्रधानमन्त्री ........ 10


Aayog Tayari

- ❖ इरानी राष्ट्रपति इब्राहिमको हेलिकोप्टर दुर्घटनामा निधन ........ 11
- ❖ एड ड्वाइट बने अन्तरिक्षमा पुग्ने सबैभन्दा वृद्ध व्यक्ति ........ 11
- ❖ सुरक्षा परिषदमा पाँच अस्थायी राष्ट्रहरु निर्वाचित ........ 11
- ❖ नरेन्द्र मोदी तेस्रो कार्यकालका लागि भारतको प्रधानमन्त्री नियुक्त ........ 12

दिवस र नाराहरु ........ 12

- ❖ अन्तराष्ट्रिय परिवार दिवस २०२४ ........ 12
- ❖ विश्व दुरसंचार दिवस २०२४ ........ 13
- ❖ अन्तराष्ट्रिय जैविक विविधता दिवस २०२४ ........ 13
- ❖ नेपाल परराष्ट्र सेवा दिवस २०८१ ........ 13
- ❖ १७ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस ........ 14
- ❖ राष्ट्रिय महिला अधिकार दिवस २०८१ ........ 14
- ❖ २४ औं विश्व दूध दिवस २०२४ ........ 14
- ❖ विश्व वातावरण दिवस २०२४ ........ 15
- ❖ विश्व खाद्य स्वच्छता दिवस : २०२४ ........ 15
- ❖ विश्व रक्तदाता दिवस २०२४ ........ 15

खेलकुद समसामयिक ........ 16

- ❖ भारतीय कप्तान सुनिल क्षेत्रीद्वारा अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास घोषणा ........ 17
- ❖ २०२३/२४ सिजनको प्रिमियर लिगको उपाधि म्यानचेस्टर सिटीले जितेको छ ........ 17
- ❖ तेन्जिङ–हिलारी एभरेस्ट म्याराथन २०२४ ........ 17
- ❖ पुरुष टी–२० विश्वकप क्रिकेट २०२४ नेपाल समुह चरणबाट बाहिर ........ 17
- ❖ युरोपेली च्याम्पियन्स लिगको उपाधि रियल म्याड्रिडलाई ........ 19
- ❖ फ्रेन्च ओपन २०२४ : कार्लोस र इगाले जिते उपाधि ........ 19


Aayog Tayari

## राष्ट्रिय समसामयिक

### राष्ट्रपति रामचन्द्र पौडेलले आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम संयुक्त संसदमा प्रस्तुत गर्नुभएको छ

- **कहिले ? :** २०८१ जेठ १
- **पारीत मिति :** २०८१ जेठ १३ गते
- **नीति तथा कार्यक्रम :** २७१ बुँदे

**नीति तथा कार्यक्रमका मुख्य व्यवस्था**

- सहकारी संस्थाको सघन सुपरिवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिनेछ ।
- गोरखकाली रबर उद्योग, बुटवल धागो कारखाना, हेटौंडा कपडा उद्योग लगायतका बन्द तथा रुग्ण अवस्थामा रहेका सार्वजनिक संस्थान सम्भाव्यताको आधारमा सार्वजनिक–निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिने ।
- आगामी आर्थिक वर्ष नेपालको कन्ट्री रेटिङ सम्पन्न गरिने ।
- आगामी आर्थिक वर्षभित्र गरिब घरपरिवार पहिचान कार्य सम्पन्न गरिने । पहिचान भएका गरिबको स्थानीय तहमार्फत निःशुल्क बिमा गरिने । गरिबीको रेखामुनि रहेका घरपरिवारका लागि विद्युतीय चुलो, ट्युबवेललगायतका सामग्री उपलब्ध गराइने ।
- आर्थिक वर्ष २०८१/८२ को दशकलाई 'कृषिमा लगानी दशक' घोषणा गरी सरकारी, निजी, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गरिनेछ ।
- कर्णाली प्रदेशमा 'एकीकृत कर्णाली सिँचाइ विशेष कार्यक्रम' कार्यान्वयन गरिनेछ ।

### फोर्ब्सको ३० बर्ष मुनिको प्रभावशाली युवाको सुचिमा नेपालका दुइ युवा

- **फोर्ब्स सुचिमा पर्न सफल युवा :** काजोल सेठिया र श्रेया गिरि
- श्रेया गिरि 'सोसल इम्प्याक्ट' विधामा सन् २०२४ को एशियाका प्रभावशाली युवाको सूचीमा परेकी हुन्
- काजोल सेठिया कला क्याटेगोरीमा सन् २०२४ को एशियाका प्रभावशाली युवाको सूचीमा परेकी हुन्
- २८ वर्षीया गिरी मानसिक स्वास्थ्य सम्बन्धी डिजिटल प्लेटफर्म ह्याप्पी माइन्ड्सकी संस्थापक हुन् भने सेठियाले शाकाहारी उत्पादन सम्बन्धि व्यवसाय गर्छिन

### नेपालमा पहिलो पटक भेटियो फुस्रो सारौं

**अन्नपूर्ण संरक्षण क्षेत्रको उपल्लो मुस्ताङमा नयाँ चरा फेला परेको छ**

- लोमान्थाङ स्थित ३ हजार ८ सय ४० मिटर उचाइमा उक्त चरा फेला परेको हो !
- २०८१ बैशाख २५ गते उक्त चरा देखिएको हो !
- यो संगै **नेपालमा पाइने चरा प्रजातिको संख्या ८ सय ९५ पुगेको छ !**
- यो चराको अंग्रेजी नाम **'ह्वाइट चिक्ड स्टर्लिङ'** र वैज्ञानिक नाम 'स्पोडायोप्सर सिनेरासस हो !

## प्रधानमन्त्रीद्वारा चौथो पटक विश्वासको मत प्राप्त

**प्रधानमन्त्री पुष्पकमल दाहालद्वारा चौथो पटक विश्वासको मत प्राप्त गरेका छन्**

- **कहिले ?:** **२०८० जेठ ७**
- **पक्षमा प्राप्त मत :** **१५७**
- **विपक्षमा प्राप्त मत :** **०**
- **मत दिन्न :** **१**
- **जम्मा उपस्थित संख्या :** **१५८**
- **प्रधानमन्त्रि नियुक्त मिति :** **२०७९ पुष १०**
- पछिल्लो पटक जनता समाजवादी पार्टी फुटे संगै संवैधानिक प्रावधान बमोजिम प्रधानमन्त्रीले प्रतिनिधि सभा समक्ष विश्वासको मत लिएका हुन्

## जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय संवाद कार्यक्रम सम्पन्न

**हिमाल, मानव र जलवायु परिवर्तन : विशेषज्ञहरूको अन्तर्राष्ट्रिय संवाद कार्यक्रम सम्पन्न भएको छ**

- **कहिले ?:** **२०८१ जेठ ९ र १०**
- आयोजना स्थल : काठमाडौं
- आयोजक : वन तथा वातावरण मन्त्रालय
- **कार्यक्रमको उद्देश्य :** **हिमालमा जलवायु परिवर्तनले गरेको असरका मुद्दा अन्तर्राष्ट्रिय रूपमा आफ्नो नेतृत्वसहित स्थापित गर्ने**
- युएनएफसिसिसीको सचिवालयका प्रतिनिधि, संयुक्त राष्ट्रसङ्घका निकायका प्रतिनिधि, विश्व बैंक, एसियाली विकास बैंकलगायत निकायका प्रतिनिधि संवादमा सहभागी भएका थिए,

## राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना

**राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापना गरिएको छ**

- **कहिले ?:** **२०८१ जेठ १०**
- केन्द्रको कार्यालय : सिंहदरबार
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, चुनौतीको पहिचान, रोकथाम, प्रतिक्रिया तथा पुनःलाभलगायत कामको सम्पर्क निकायका रूपमा कार्य गर्न तथा डिजिटल फोरेन्सिक अनुसन्धान गर्न केन्द्रको स्थापना गरिएको
- 'डिजिटल नेपाल फ्रेमवर्क २०७६' को आकाङ्क्षा पूरा गर्ने उद्देश्यअनुरुप स्थापना

Aayog Tayari

## कामीरिता शेर्पा ३० औं पटक सगरमाथाको सफल आरोहण

**कामीरिता शेर्पा ३० औं पटक सगरमाथाको सफल आरोहण गरेका छन्**

- कहिले ?: **२०८१ जेठ ९**
- उनले **सबैभन्दा धेरै पटक सगरमाथाको चुचुरोमा पुगेको आफ्नै रेकर्ड तोडेका** हुन्
- कामिरिता शेर्पाले २९ औं पटक २०८१ बैशाख ३० गते सगरमाथाको सफल आरोहण गरेका थिए
- सगरमाथाको नयाँ उचाई ८ हजार ८ सय ४८.८६ मिटर कायम भएको छ
- सुलुखुम्बुका उनले पाकिस्तानमा रहेको संसारकै दोस्रो अग्लो हिमाल केटु एकपटक, चौथो अग्लो ल्होत्से एकपटक, छैटौं चोयु आठपटक र आठौं अग्लो मनास्लु हिमाल तीनपटक आरोहण गरिसकेका छन् ।

**यो सिजनको सगरमाथा आरोहणमा बनेका रेकर्डहरु**

- **सबैभन्दा बढी सगरमाथा आरोहण : कामिरिता शेर्पा, ३० औं पटक (२०८१ जेठ ९)**
- **सर्वाधिक छोटो समयमा सगरमाथा आरोहण गर्ने महिला : फुन्जो जाङ्मु लामा (१४ घण्टा ३१ मिनेट)**
- **सर्वाधिक छोटो समयमा तिन पटक सगरमाथा आरोहण गर्ने पुरुष : दावा फिन्जोक शेर्पा (८ दिन १३ घण्टा ३५ मिनेट)**
- **एकै सिजनमा तीन पटक सगरमाथा आरोहण पहिलो महिला : पुर्णिमा श्रेष्ठ**

## बार्षिक बजेट २०८१/८२ (सारांश)

बजेट २०८१८२/

*अर्थमन्त्रि बर्षमान पुनले संघीय संसदको*
*संयुक्त बैठक समक्ष मिति २०८१ जेठ १५ गते आ.व. २०८१÷८२ को बजेट प्रस्तुत गर्नुभएको छ*

**विनियोजन तर्फ :**

◉ **कुल बजेट:** १८ खर्ब ६० अर्ब ३० करोड
◉ **चालु खर्च:** ११ खर्ब ४० अर्ब ६६ करोड (६१.३१%)
◉ **पुँजीगत खर्च:** ३ खर्ब ५२ अर्ब ३५ करोड (१८.९४%)
◉ **वित्तीय व्यवस्था:** ३ खर्ब ६७ अर्ब २८ करोड (१९.७४%)

**श्रोत व्यवस्थापन**

◉ **राजश्वः** १२ खर्ब ६० अर्ब ३० करोड (६७.७५%)
◉ **वैदेशिक ऋण:** २ खर्ब १७ अर्ब ६७ करोड (११.७०%)
◉ **आन्तरिक ऋण:** ३ खर्ब ३० अर्ब (१७.७४%)
◉ **वैदेशिक अनुदान:** ५२ अर्ब ३३ करोड (२.८१%)
◉ **आर्थिक वृद्धिदरको लक्ष्य:** ६%

- **मुद्रास्फिति दर लक्ष्य :** ५.५%
- **प्रदेश र स्थानीय तहमा हस्तान्तरण :** ५ खर्ब ६७ अर्ब

## कुन मन्त्रालयलाई कति बजेट ?

- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय करोड ३५ अर्ब ७ :
- संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय करोड ९१ अर्ब ११ :
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ९ :अर्ब २८ करोड
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय करोड १० अर्ब ८ :
- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय करोड ८२ अर्ब ६ :
- वन तथा वातावरण मन्त्रालय करोड ७० अर्ब १५ :
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय करोड ६६ अर्ब ३ खर्ब २ :
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २४करोड अर्ब ८६ :
- खानेपानी मन्त्रालय करोड ६३ अर्ब २६:
- कृषि तथा पशुपन्छी मन्त्रालय करोड २९ अर्ब ५६ :
- युवा तथा खेलकुद मन्त्रालय करोड ५० अर्ब ३:
- ऊर्जा तथा जलस्रोत मन्त्रालय करोड ७४ अर्ब ५० :
- महिला, बालबालिकातथा ज्येष्ठ नागरिक मन्त्रालय करोड ६० अर्ब १:
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय करोड ५३ अर्ब ५० खर्ब १:
- शहरी विकास मन्त्रालय करोड ६३ अर्ब ९२ :
- रक्षा मन्त्रालय करोड अर्ब८७ ५९ :
- गृह मन्त्रालय करोड २४ अर्ब ९९ खर्ब १:
- परराष्ट्र मन्त्रालय करोड ७७ अर्ब ६ :

## बजेटका उद्देश्य

- उत्पादन, उत्पादकत्वर रोजगारी वृद्धि गर्नु,
- निजी क्षेत्रको मनोबल बढाउँदै लगानी वृद्धि गर्नु र आर्थिक क्रियाकलापमा तीव्रता ल्याउनु,
- मानव संसाधन विकासगर्नु,
- स्रोत र साधनलाई सन्तुलितर समन्यायिक ढङ्गले परिचालनगरी आर्थिक असमानता र गरिबीन्यूनीकरण गर्नु, र
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

## बजेटका प्राथमिकताहरु

- आर्थिक सुधार र निजि क्षेत्रको प्रवर्द्धन
- कृषि, उर्जा, सूचनाप्रविधि, पर्यटन, औद्योगिक विकास तथा पूर्वाधार निर्माण,



Aayog Tayari

- शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,
- समावेशिता र सामाजिक सुरक्षा, र
- सुशासनप्रवर्द्धनतथा सार्वजनिक सेवा प्रवाहमा सुधार।

**आर्थिक सुधारका ५ रणनीतिहरु :**

- संरचनागत सुधार
- व्यावायिक वातावरण सुधार
- सार्वजनिक वित्त प्रणाली सुधार
- वित्तीय क्षेत्र सुधार
- सार्वजनिक प्रशासन सुधार

**बजेटका पाँच रुपान्तरणकारी क्षेत्र :**

- कृषि क्षेत्र रुपान्तरण
- उर्जा क्षेत्र रुपान्तरण
- सूचना प्रविधि विकास
- पर्यटन प्रवर्द्धन, र
- उद्यमशीलता र औद्योगिक विकास

**विशेष घोषणाहरु :**

- **कृषिमा लगानी दशक** : २०८१ देखि २०९१
- **सूचना प्रविधि दशकको प्रस्थान बर्ष** : आ८२/२०८१ .व.
- **महिलामा लगानी बर्ष** : आ८२/२०८१ .व.
- आगामी वर्ष (८२/२०८१) **१६ लाख पर्यटक भित्र्याउने**
- **गण्डकी आर्थिक त्रिभुज परियोजना**
  - नारायणघाट – बुटवल खण्ड निर्माण सामाग्री तथा हेभी उद्योगको केन्द्र :
  - मुग्लिङ्गकृषि तथा खाद्य प्रशोधन उद्योगको केन्द्र : पोखरा खण्ड-
  - पोखरा बुटवल खण्डविद्युतीय उपकरण :, जुत्ता, लत्ताकपडा, कार्पेट जस्ता उद्योगको केन्द्र
- **एक पालिका एक डाउनटाउन** विकास गरिने
- जन्म स्थलमा गैर आवासीय नेपाली अभियान चलाइने
- **साथीबाट सिक्ने, साथीलाई सिकाउने कार्यक्रम** संचालन गरिने
- प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम संचालन गरिने
- एक वडा एक पार्क निर्माण गरिने,
- हिमाल जोगाउँ, मानवता बचाउँ अभियानलाइ निरन्तरता

Aayog Tayari

### कर सम्बन्धि परिवर्तनहरु के भए ?

- दैनिक एक हजार लिटर भन्दा बढी दूध उत्पादन गर्ने पशुपालन फर्म तथा उद्योगले पैठारी गर्ने स्टिल मिल्क क्यानमा लाग्दै आएको १५ प्रतिशत भन्सार महसुल घटाई १ प्रतिशतमा ल्याइएको
- आलु, प्याज, स्याउ लगायतका तरकारी एवं फलफूलमा लागेको मूल्य अभिवृद्धि कर समेत खारेज भएको
- मदिरा, बियर, सुर्ती र चुरोटमा लगाइएको अन्तः शुल्क दर वृद्धि भएको छ ।
- मूल्य अभिवृद्धि करमा दर्ताका लागि वस्तु र सेवाको मिश्रित कारोबारमा हाल रहेको थ्रेसहोल्डमा वृद्धि गरी तीस लाख पुगेको छ ।
- पेट्रोलियम पदार्थ र कोइलाको पैठारीमा हरित कर लाग्ने भएको

## महालेखा परीक्षक कार्यालयको ६१ औं प्रतिवेदन सार्वजनिक

### महालेखा परीक्षक कार्यालयको ६१ औं प्रतिवेदनले औंल्याएको बेरुजुको अवस्था : -

- यो प्रतिवेदन अघिल्लो आर्थिक बर्ष **(आ.व. २०७९/८०) को लेखापरीक्षण प्रतिवेदन** हो
- **लेखापरीक्षण अंक : ७८ खर्ब ८१ अर्ब ६० करोड**
- **जम्मा बेरुजु प्रतिशत : १.२१%**
- **यो बर्ष औंल्याइएको बेरुजु : ९५ अर्ब ६० करोड २१ लाख**
- यो बर्ष सम्म जम्मा लागति बेरुजु : ६ खर्ब ६९ अर्ब ८६ करोड

### यो बर्षको जम्मा बेरुजुको बर्गिकरण :

- **असुल गर्नुपर्ने : २४.४७%**
- **नियमित गर्नुपर्ने : ६८.०३%**
  - अनियमित भएको : १८.५१%
  - प्रमाण कागज पेश नभएको : ४९.३८%
  - शोधभर्ना नलिएको : ०.१४ %
- **पेश्की : ७.५०%**

### लेखापरीक्षण अंकको तुलनामा निकायगत बेरुजुको अवस्था :

- **संघीय मन्त्रालय तथा निकाय : १.८९%**
- **प्रदेश मन्त्रालय तथा निकाय : २.०३%**
- **स्थानीय तह : २.७२%**
- संघीय संस्था समिति र अन्य संस्था : ०.२७%
- प्रदेश संस्था, समिति र अन्य संस्था : २.२४%

Aayog Tayari

लेखापरीक्षण अंकको तुलनामा प्रदेशगत बेरुजु प्रतिशत :

- कोशी : २.५०%
- मधेश : ३.८७%
- वागमती : १.१५%
- गण्डकी : १.९५%
- लुम्बिनी : १.९५ %
- कर्णाली : २.५९%
- सुदुरपश्चिम : ०.९५%

## अरुण ३ जलविद्युत आयोजनाको सुरुङ ब्रेक थ्रु

- कहिले ? : २०८१ जेठ २२
- सुरुङमार्गको लम्बाई : ११.७८ कि.मि.
- आयोजनाको क्षमता : ९०० मेगावाट
- आयोजना निर्माण कम्पनि : सतलज जलविद्युत निगम (भारत)
- यो आयोजनाको सन् २०२५ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ

## मधेश प्रदेशको मुख्यमन्त्रीमा सतिशकुमार सिंह नियुक्त

**मधेश प्रदेशको मुख्यमन्त्रीमा सतिशकुमार सिंह नियुक्त भएका छन्**

- **कहिले ? : २०८१ जेठ २५**
- नव नियुक्त मुख्यमन्त्री : सतिशकुमार सिंह
- राजनीतिक दल : जनमत पार्टी
- नेकपा एमालेसहित ६ दलका ५५ जना सांसदको समर्थनमा ४२ वर्षीय सिंह मुख्यमन्त्री बनेका हुन् ।
- यस अघि मुख्यमन्त्री **सरोजकुमार यादव**ले २०८१ जेठ २३ गते प्रदेश सभामा विस्वासको मत प्राप्त गर्न नसकेपछि उनि पदमुक्त भएका थिए

## बेरोजगारी दर १२.६% पुग्यो

- नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार नेपालको बेरोजगारी दर १२.६% पुगेको छ
- यसअघि नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ ले ११.४ प्रतिशत बेरोजगार रहेको देखाएको थियो।
- १५ देखि २४ वर्ष उमेर समूहका २२.७ प्रतिशत युवा बेरोजगार छन्।
- कर्णालीमा बेरोजगारी दर सर्वाधिक २३.८ प्रतिशत छ भने मधेशमा सबैभन्दा कम ५.५ प्रतिशत मात्रै छ ।

# अन्तराष्ट्रिय समसामयिक

## राष्ट्रसंघीय समिति महिलाविरुद्धको विभेद उन्मूलन कमिटीमा नेपाल सदस्यमा निर्वाचित

**राष्ट्रसंघीय समिति महिलाविरुद्धको विभेद उन्मूलन कमिटी (सिड) मा नेपाल सदस्यमा निर्वाचित भएको छ**

- **कहिले ?: ७ जुन २०२४ (२०८१ जेठ २५)**
- **निर्वाचित सदस्य : बन्दना राणा**
- न्यूयोर्कमा भएको मतदानमा राणा एक सय ४६ मत प्राप्त गर्दै विजयी भएकी हुन् ।
- उनि **सन् २०२५ देखि २०२८ सम्मका** लागि निर्वाचित भएकी हुन्
- उनी यसअघि सन् २०१७ देखि २०२० सम्म पनि समिति सदस्य रहेकी थिइन् ।
- २३ सदस्य रहने उक्त समितिले विश्वव्यापी रुपमा महिलाले भोग्नुपरेका समस्या, राष्ट्रसंघमा जनाइएका प्रतिबद्धता कार्यान्वयनलगायत महिलाविरुद्ध हुने हरेक प्रकारका विभेदको बारेमा अनुगमन गर्ने गर्छ ।

## आईएलओ 'गभर्निङ बडी'मा नेपाल निर्वाचित

**आईएलओ 'गभर्निङ बडी'मा नेपाल उपसदस्यमा निर्वाचित भएको छ**

- **कहिले ?: ७ जुन २०२४ (२०८१ जेठ २५)**
- नेपाल **जुन २०२४ देखि २०२७ सम्म**को कार्यकालको लागि निर्वाचित भएको हो
- एसिया–प्यासिफिक क्षेत्रबाट उपसदस्यमा नेपाल निर्वाचित भएको हो ।
- आईएलओको गभर्निङ बडीमा सरकार, रोजगारदाता र ट्रेड युनियनको प्रतिनिधित्व रहनेछ ।

## सिंगापुरमा लरेन्स वोङ बने प्रधानमन्त्री

- **कहिले ?: २०२४ मे १५**
- **नव नियुक्त प्रधानमन्त्री : लरेन्स वोङ**
- ७२ वर्षीय ली सिन लुङले करिब २० वर्षपछि पद छाडेपछि लुङले प्रधानमन्त्रीको कार्यभार सम्हालेका हुन् ।
- लरेन्स वोङ **सिंगापुरका चौथो प्रधानमन्त्री** हुन् ।
- त्यस्तै उनी सिंगापुर स्वतन्त्र भएपछि जन्मिएका व्यक्तिबाट प्रधानमन्त्री हुने पनि पहिलो हुन् ।
- वोङ सन् १९७२ मा जन्मिएका हुन् भने **सिंगापुर सन् १९६५ मा स्वतन्त्र भएको** थियो ।
- करिब ६० लाख जनसंख्या भएको सिंगापुरको जीडीपी(कुल ग्राहस्थ उत्पादन) करिब ५२५ बिलियन अमेरिकी डलर रहेको छ भने **प्रतिव्यक्ति आम्दानी करिब ८८ हजार अमेरिकी डलर** । सिंगापुरको **बेरोजगारी दर १.९ प्रतिशत** रहेको छ ।



Aayog Tayari

## इरानी राष्ट्रपति इब्राहिमको हेलिकोप्टर दुर्घटनामा निधन

**इरानी राष्ट्रपति इब्राहिमको हेलिकोप्टर दुर्घटनामा निधन भएको छ**

- कहिले ? : **२०२४ मे १९**
- निधन हुने राष्ट्रपति : **इब्राहिम रायसी**
- निधन हुने विदेशमन्त्रि : **हुसेन अमिर अब्दुल्लाहियान**
- दुर्घटनास्थल : **पूर्वी अजरबैजानको पश्चिमी प्रान्त जोफा क्षेत्र**
- २०२४ मे १९ मा सम्पर्क बिहिन भएको हेलिकप्टर २०२४ मे २० मा दुर्घटना ग्रस्त अवस्थामा भेटिएको र सवार सबैको मृत्यु भैसकेको थियो

## एड ड्वाइट बने अन्तरिक्षमा पुग्ने सबैभन्दा वृद्ध व्यक्ति

- कहिले ? : **२०२४ मे १९**
- एड ड्वाइट **९० बर्षको उमेरमा** जेफ बेजोसको कम्पनी ब्लू ओरिजिन मार्फत अन्तरिक्षमा पुगेका हुन्
- उनि **अन्तरिक्षमा पुग्ने पहिलो अश्वेत व्यक्ति** समेत बनेका छन्
- उनि ६० बर्ष अघि नासामार्फत अन्तरिक्ष यात्रीको रुपमा सिफारिसमा परेका थिए

## सुरक्षा परिषदमा पाँच अस्थायी राष्ट्रहरु निर्वाचित

- निर्वाचन मिति : **२०२४ जुन ६**
- २०२५ जनवरी देखि २०२६ डिसेम्बरको कार्यकालको लागि नयाँ देशहरु निर्वाचित भएका हुन्
- कुल **१५** सदस्यीय सुरक्षा परिसदमा **५ स्थयी र १० अस्थायी** सदस्य रहन्छन
- अस्थायी सदस्य राष्ट्रको कार्यकाल **२ बर्षको** रहन्छ

**निर्वाचित देशहरु (२०२५-२०२६ को लागि)**

- सोमालिया
- पाकिस्तान
- पानामा
- ग्रिस
- डेनमार्क

**२०२४ डिसेम्बरमा कार्यकाल सकिने देशहरु :**

- इक्वेडर
- जापान
- माल्टा

Aayog Tayari

- मोजाम्बिक
- स्विजरल्याण्ड

**२०२५ डिसेम्बरमा कार्यकाल सकिने देशहरु :**

- अल्जेरिया
- गुयना
- दक्षिण कोरिया
- सियरालियोन
- स्लोभानिया

**सुरक्षा परिषदका स्थायी सदस्य राष्ट्रहरु :**

- संयुक्त राज्य अमेरिका
- बेलायत
- रुस
- चीन
- फ्रान्स

## नरेन्द्र मोदी तेस्रो कार्यकालका लागि भारतको प्रधानमन्त्री नियुक्त

- **कहिले ? :** **२०२४ जुन ७ (२०८१ जेठ २५)**
- राष्ट्रपति **द्रौपदी मुर्मु**ले उनलाई प्रधानमन्त्री नियुक्त गरेकी हुन्
- **सपथ ग्रहण :** **२०२४ जुन ९**
- लोकसभा निर्वाचनमा भाजपाले एकल बहुमत नल्याएपछि मोदी **नेसनल डेमोक्रेटिक अलायन्स**को तर्फबाट प्रधानमन्त्री बनेका हुन् ।
- नेशनल डेमोक्र्याटिक एलायन्स (एनडीए) ले २ सय ९३ सिटसहित बहुमत ल्याएको छ भने **भारतीय जनता पार्टीले २४० जित जितेको छ ।**
- ५ सय ४३ सिट रहेको भारतको लोकसभामा २ सय ७२ सिट प्राप्त गरेमा सरकार निर्माणको लागि बहुमत पुग्छ ।

# दिवस र नाराहरु

## अन्तराष्ट्रिय परिवार दिवस २०२४

**अन्तराष्ट्रिय परिवार दिवस २०२४ मनाइएको छ**



Aayog Tayari

- हरेक बर्षको **May 15** मा अन्तराष्ट्रिय परिवार दिवस मनाइन्छ ।
- सन् २०२४ को नारा : '**Families and Climate Change**'
- संयुक्त राष्ट्र संघले **सन् १९९३ मा** यो दिवस मनाउने निर्णय गरेको थियो **सन् १९९५ मे १५ बाट यो दिवस मनाउन थालिएको** हो ,

## विश्व दुरसंचार दिवस २०२४

**विश्व दुरसंचार दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: १७ मे २०२४**
- हरेक बर्षको मे १७ मा विश्व दुरसंचार दिवस मनाउने गरिन्छ
- सन् २०२३ को नारा : ***"Digital Innovation for Sustainable Development."***
- यो दिवस सन् **१९६९ देखि मनाउन थालिएको** हो

## अन्तराष्ट्रिय जैविक विविधता दिवस २०२४

**अन्तराष्ट्रिय जैविक विविधता दिवस २०२४ मनाइएको छ**

- **कहिले ?: २०२४ मे २२ (२०८१ जेठ ९)**
- हरेक बर्षको मे २२ मा अन्तराष्ट्रिय जैविक विविधता दिवस मनाउने गरिन्छ
- सन् २०२४ को नारा : ***"Be part of the Plan"***
- सन् २०२३ को नारा : **"From Agreement to Action: Building Back Biodiversity**.

**पृष्ठभूमि :**

- सन् १९९२ मे २२ माब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धी अगाडि बढाउने निर्णय गरेको थियो ।
- पहिलो अन्तराष्ट्रिय जैविक विविधता दिवस 1993, 29 December (जैविक विविधता महासन्धि कार्यान्वनमा आएको दिन ) मा मनाइएको हो
- नेपाल २१ फेब्रुअरी १९९४ मा यो महासन्धिको पक्ष राष्ट्र भएको थियो !
- सन् २००० बाट भने यो दिवस हरेक बर्षको मे २२ मा मनाउन थालिएको हो

## नेपाल परराष्ट्र सेवा दिवस २०८१

**तेस्रो नेपाल परराष्ट्र सेवा दिवस मनाइएको छ**

- **कहिले ?: २०८१ जेठ १०**
- हरेक बर्षको जेठ १० मा नेपाल परराष्ट्र सेवा दिवस मनाइन्छ
- नेपाल वैदेशिक सेवा (गठन र श्रेणी विभाजन) नियमहरु, २०१८ को तर्जुमा भई नेपाल राजपत्रमा प्रकाशित भएको दिन वि.सं. २०१८ जेठ १० गतेको संस्मरणमा परराष्ट्र मन्त्रालयले यो दिवस मनाएको हो ,

Aayog Tayari

- यो दिवस **२०७९ जेठ १० मा पहिलोपल्ट मनाइएको** थियो

## १७ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस

**१७ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइएको छ**

- **कहिले ?: २९ मे २०२४**
- हरेक वर्ष मे २९ मा अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइन्छ
- **सन् २०२४ को नारा : 'विश्वको सर्वोच्च शिखर सगरमाथा : नेपालको पहिचान र गौरव"**
- **सन् २०२३ को नारा : "Climbing Responsibly ; Celebrating Sustainability"**
- सन् १९५३ मे २९ का दिन तेन्जिङ्ग नोर्गे शेर्पा र एडमण्ड हिलारीले सगरमाथाको शिखर चुम्न सफल भएको सम्झनामा **सन् २००८ देखि अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउन थालिएको** हो ।
- सन् २०२२ सम्ममा ७ हजार २ सय ५१ जनाले सगरमाथा आरोहण गरेका छन्
- सरकारले आरोहणका लागि हालसम्म ४१९ वटा हिमाल खुला गरेको छ ।

**कीर्तिमानी आरोहीको निधन :**

- तेन्जिङ नोर्गे शेर्पा : १९८६ मे ९
- एडमन्ड हिलारी : २००८ जनवरी ११

## राष्ट्रिय महिला अधिकार दिवस २०८१

- **कहिले ?: २०८१ जेठ १६**
- हरेक बर्षको जेठ १६ मा राष्ट्रिय महिला अधिकार दिवस मनाइन्छ
- **२०८१ को नारा : "हाम्रो अभियानः आत्मनिर्भर छोरीको सम्मान"**
- **वि.स. २०८० को नारा : 'महिला हक अधिकार : सबैको साझा सरोकार'**
- २०६३ साल जेठ १६ गते तत्कालीन पुनःस्थापित प्रतिनिधि सभाले नेपाली महिलाका अधिकारसम्बन्धी महत्त्वपूर्ण चारवटा 'विशेष प्रस्ताव' पारित गरेको दिनलाई स्मरण गरी हरेक वर्ष जेठ १६ गते राष्ट्रिय महिला अधिकार दिवस मनाउन थालिएको हो ।
- नेपालको संविधान–२०७२ ले महिलालाई राज्यका हरेक निकायमा **३३ प्रतिशत आरक्षणको व्यवस्था** गरेको छ ।

## २४ औं विश्व दूध दिवस २०२४

- **कहिले ?: २०२४ जुन १**
- हरेक बर्षको जुन १ मा विश्व दुध दिवस मनाउने गरिन्छ
- **बर्ष २०२४ नारा : 'दूध तथा दुग्ध पदार्थको सेवन, दुग्ध व्यवसायको प्रवर्धन'**

- संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनले सन् **२००१ जुन १ तारिखदेखि** विश्व दूध दिवस मनाउन थालेको हो ।
- नेपालले पनि सन् **२०११ देखि** विश्व दूध दिवस मनाउन थालेको हो ।

## विश्व वातावरण दिवस २०२४

- **कहिले ?:** २०२४ जुन ५
- हरेक बर्षको जुन ५ मा विश्व वातावरण दिवस मनाउने गरिन्छ
- **सन् २०२४ को नारा :**
  - **राष्ट्रिय : "हाम्रो भूमि, हाम्रो भविष्य"**
  - **अन्तराष्ट्रिय : 'Land restoration, desertification, and drought resilience.'**
- **सन् २०२३ को नारा :**
  - राष्ट्रिय : 'प्लास्टिकजन्य प्रदूषण निर्मूल पारौं, वातावरणमैत्री विकल्पको उपयोग गरौं'
  - अन्तराष्ट्रिय : #BeatPlasticPollution
- नेपालले २०७२ सालदेखि नै ४० माइक्रोन भन्दा पातला प्लाष्टिकको प्रयोगमा रोक लगाएको छ ।
- सन् १९७४ देखि हरेक वर्ष **जुन ५** मा यो दिवस मनाइदै आएको छ !

## विश्व खाद्य स्वच्छता दिवस : २०२४

- **कहिले ?:** २०२४ जुन ७
- हरेक बर्षको जुन ७ मा विश्व खाद्य स्वच्छता दिवस मनाउने गरिन्छ
- **सन् २०२४ को नारा :**
  - **राष्ट्रिय नारा : "खाद्य स्वच्छतामा लगानी बढाऔं, अप्रत्याशित अवस्थाको पूर्व तयारी गरौं"**
  - **अन्तराष्ट्रिय नारा : 'Food safety: prepare for the unexpected.'**
- सन् २०१८ डिसेम्बर २० तारिखका दिन संयुक्त राष्ट्र संघको महासभाले जुन ७ तारिखलाई विश्व खाद्य स्वच्छता दिवस मनाउने निर्णय गरे अनुसार हरेक वर्षको जुन ७ तारिखमा दिवस मनाउने गरिएको छ।

## विश्व रक्तदाता दिवस २०२४

- **कहिले ?:** २०२४ जुन १४
- हरेक बर्षको जुन १४ मा विश्व रक्तदाता दिवस मनाउने गरिन्छ
- सन् २०२४ को नारा :
  - **राष्ट्रिय : 'रक्तदान उत्सवको दुई दशक, सबै रक्तदाताहरुलाई धन्यवाद'**
  - **अन्तराष्ट्रिय : "20 years of celebrating giving: thank you blood donors!"**
- आजको दिनलाई रक्तदातालाई धन्यवाद दिने दिनका रूपमा पनि मनाउने गरिन्छ ।

Aayog Tayari

- Blood Group का पिता **Karl Landsteiner** को जन्मदिनको सम्झनामा सन् २००४ देखि यो दिवस मनाउन थालिएको हो,
- **नेपालका पहिलो रक्तदाता दयावीर कंसाकार**लाइ मानिन्छ ,

Aayog Tayari




## खेलकुद समसामयिक

## भारतीय कप्तान सुनिल क्षेत्रीद्वारा अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास घोषणा

**भारतीय कप्तान सुनिल क्षेत्रीद्वारा अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास घोषणा गरेका छन्**

- **कहिले ?:** **२०२४ मे १६**
- भारतका लागि उनले **१ सय ५० खेलमा ९४ गोल गरेका** छन् ।
- अहिले सक्रिय खेलाडीमध्ये सर्वाधिक गोल गर्ने सूचीमा उनी क्रिस्टियानो रोनाल्डो र लियोनल मेसीपछि तेस्रो स्थानमा छन् ।
- उनी भारतका लागि सर्वाधिक 'क्याप' जित्ने खेलाडी हुन् ।
- सुनिलले सन् २००२ बाट आफ्नो अन्तर्राष्ट्रिय फुटबल यात्रा सुरु गरेका थिए ।

प्रिमियर लिगको उपाधि म्यानचेस्टर सिटीलाइ

## २०२३/२४ सिजनको प्रिमियर लिगको उपाधि म्यानचेस्टर सिटीले जितेको छ

- **अन्तिम खेल :** **२०२४ मे १९**
- **लिग विजेता :** **म्यानचेस्टर सिटि**
- **लिग उप-विजेता :** **आर्सनल**
- प्रिमियर लिगको अन्तिम खेलमा वेस्ट ह्यामलाई ३–१ ले हराएर सिटीले लगातार **चौथो पटक** उपाधि जितेको हो ।
- **यस सिजनको प्रिमियर लिगको उत्कृष्ट खेलाडी :** **फिल फोडेन (म्यानचेस्टर सिटी)**
- **सिजनको उत्कृष्ट युवा खेलाडी :** **पाल्मर यस (चेल्सी)**

## तेन्जिङ–हिलारी एभरेस्ट म्याराथन २०२४

**तेन्जिङ–हिलारी एभरेस्ट म्याराथन २०२४ सम्पन्न भएको छ**

- कहिले ?: २०८१ जेठ १६
- **म्याराथन विजेता :**
  - **पुरुष :** **अर्जुन कुलुङ**
  - **महिला :** **ल्हाक्पा डिमा शेर्पा**
- सगरमाथामा पहिलो पटक **एड्मन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पा**ले ७१ वर्षअघि सन् **१९५३ मे २९** मा पाइला राखेको दिनको सम्झनामा हिमालयन एक्स्पिडिसन कम्पनी लिमिटेडले म्याराथन आयोजना गर्दै आएको छ ।

## पुरुष टी–२० विश्वकप क्रिकेट २०२४ नेपाल समुह चरणबाट बाहिर

**पुरुष टी–२० विश्वकप क्रिकेट २०२४ सुरु भएको छ**

- **प्रतियोगिता मिति :** **२०२४ जुन १ - २०२४ जुन २९**
- **सहभागी देश :** **२०**

- आयोजक : अमेरिका र वेस्ट इन्डिज
- यो प्रतियोगिता : नवौं
- आठौ प्रतियोगिताको विजेता : इंग्ल्याण्ड (पाकिस्तान उपविजेता)
- खेल खेलाइने रंगशाला : १० (अमेरिका ३, वेस्ट इन्डिज ७)
- उद्घाटन खेल : अमेरिका र क्यानाडा (ग्राण्ड प्रेरी स्टेडियम, टेक्सास अमेरिका)
- आधिकारिक गान (Anthem) : Out of the world

**समूह विभाजन :**

- समूह 'ए' : भारत, पाकिस्तान,आयरल्यान्ड, क्यानडा र अमेरिका
- समूह 'बी' : इङ्ल्यान्ड, अस्ट्रेलिया, नामिबिया, स्कटल्यान्ड र ओमान
- समूह 'सी' : न्यूजिल्यान्ड, वेष्ट इण्डिज, अफगानिस्तान, युगान्डा र पपुवा न्युगिनी
- समूह 'डी' : नेपाल, दक्षिण अफ्रिका, बङ्गलादेश, श्रीलङ्का र नेदरल्यान्ड्स

**नेपालको खेल र प्रदर्शन :**

- नेपाल र नेदरल्याण्ड (नेपाल ६ विकेटले पराजित)
- नेपाल र श्रीलंका (बर्षाका कारण खेल रद्ध)
- नेपाल र दक्षिण अफ्रिका (नेपाल १ रनले पराजित)
- नेपाल र बंगलादेश (नेपाल २१ रन ले पराजित)
- नेपाल १ अंक सहित अंक तालिकाको पुछारमा रहेको
- नेपालका सन्दिप लामिछानेले ५४ खेलमा १०० विकेट लिदै सर्वाधिक कम खेलमा १०० विकेट लिने नेपालको पहिलो र विश्वको दोस्रो खेलाडी बनेका

**हालसम्मका प्रतियोगिता र विजेता**

| संस्करण | साल | आयोजक | विजेता | उपविजेता |
|---|---|---|---|---|
| पहिलो | २००७ | दक्षिण अफ्रिका | भारत | पाकिस्तान |
| दोस्रो | २००९ | इंग्ल्यान्ड | पाकिस्तान | श्रीलंका |
| तेस्रो | २०१० | वेस्ट इन्डिज | इंग्ल्यान्ड | अष्ट्रेलिया |
| चौथो | २०१२ | श्रीलंका | वेस्ट इन्डिज | श्रीलंका |
| पाँचौं | २०१४ | बंगलादेश | श्रीलंका | भारत |
| छैठौ | २०१६ | भारत | वेस्ट इन्डिज | इंग्ल्याण्ड |
| सातौं | २०२१ | युएई र ओमान | अष्ट्रेलिया | न्युजिल्याण्ड |
| आठौं | २०२२ | अष्ट्रेलिया | इंग्ल्यान्ड | पाकिस्तान |
| नवौं | २०२४ | अमेरिका र वेस्ट इन्डिज | | |

Aayog Tayari

## युरोपेली च्याम्पियन्स लिगको उपाधि रियल म्याड्रिडलाई

**युरोपेली च्याम्पियन्स लिगको उपाधि रियल म्याड्रिडले जितेको छ**

- **लिग विजेता : रियल म्याड्रिड**
- **उप विजेता : बोरुसिया डर्टमन्ड**
- फाइनल खेल : २ जुन २०२४
- बोरुसियालाई रियलले २–० ले हराएको हो
- रियल युरोपेली च्याम्पियन भएको यो कीर्तिमानी १५औं पल्ट हो ।

## फ्रेन्च ओपन २०२४ : कार्लोस र इगाले जिते उपाधि

**पुरुष एकल :**

- **विजेता : कार्लोस अल्कारेज (स्पेन)**
- उप-विजेता : एलेकजान्डर जेभरेभ (जर्मनी)
- अल्कारेज ले पहिलोपटक फ्रेन्च ओपन जितेका हुन्

**महिला एकल :**

- **विजेता : इगा स्वाटिक (पोल्याण्ड)**
- उप-विजेता : जस्मिन पाओलिनी (इटाली)
- स्वाटिकको यो लगातार तीनपटक पटक सहित चौथो फ्रेन्च ओपन उपाधि हो

Aayog Tayari